नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालले गरेको फैसला

**मुद्दा-: सार्वजनिक शान्ति बिरुद्धको कसूर ।**

**मि.नं.-१८८ दायर मितिः-२०८१/०८/१०**

**फैसला मितिः-२०८१/०८/१०**

**वादी**

**प्रहरी प्रतिवेदनले**

**नेपाल सरकार..........................१**

**प्रतिवादी**

**भारत बिहार जिल्ला भागलपुर थाना आमडंडा बेलसर ग्राम पञ्चायत वस्ने प्रमोद यादवको छोरा वर्ष २० को प्रिन्स कुमार यादव समेत १२ जना**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज तथा हातपात समेत गर्दै कर्तव्य पालनामा बाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज तथा हातपात समेत गर्दै कर्तव्य पालनामा बाधा पुर्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. हामीले प्रहरीलाई गाली गलौज तथा हातपात समेत गर्दै कर्तव्य पालनामा बाधा पुर्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. प्रहरीलाई गाली गलौज तथा हातपात समेत गर्दै कर्तव्य पालनामा बाधा पुर्याएकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका गोविन्द प्रसाद कुर्मी समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीहरुयस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०७।२६ गते अं.२१:३० बजेको समयमा जिल्ला पर्सा बिरगंज म.न.पा.वडा नं.१६ स्थित सञ्चालनमा रहेका खाजा नास्ता पसलहरु राती अवेरसम्म खोली राखेकोले पसल बन्द गर्नु भनी सम्झाउँदा प्रतिवादीहरु पप्पु कुमार, पप्पु, प्रिन्स कुमार, अमित कुमार, अमरेन्द्र राउत, मिरा कुमारी महतो, निशा गुरुङ्ग, रन्जु अधिकारी भन्ने अन्जना बराल अधिकारी, खुश्बु कुमारी, रंजुदेवी कलवार, किरण यादव भन्ने अघूलिया कुमारी देवी र सुनिता भन्ने गुडिया मुखिया समेतले बिभिन्न अश्लिल शब्द प्रयोग गरी गाली गलौज तथा हातपात समेत गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याई अभद्र व्यवहार गरेकोले निजहरुलाई पक्राउ गरी आवश्यक कारवाहीको लागी दाखिला गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीहरुयस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादीहरु पप्पु कुमार, पप्पु, प्रिन्स कुमार, अमित कुमार, अमरेन्द्र राउत लाई कैद दिन १४ र जनही जरिवाना रु.१००००/- अक्षरेपी दस हजार तथा प्रतिवादीहरु मिरा कुमारी महतो, निशा गुरुङ्ग, रन्जु अधिकारी भन्ने अन्जना बराल अधिकारी, खुश्बु कुमारी, रंजुदेवी कलवार, किरण यादव भन्ने अघूलिया कुमारी देवी र सुनिता भन्ने गुडिया मुखियालाई कैद दिन १४ र जनही जरिवाना रु.५००/- अक्षरेपी पाँच सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए ।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादीहरुलाई ठहरेको कैद दिन १४ को हकमा निजहरु मिति २०८१/०७/२६ देखि २०८१/०८/०९ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा प्रतिवादीहरु पप्पु कुमार, पप्पु, प्रिन्स कुमार, अमित कुमार, अमरेन्द्र राउतबाट जनही जरिवाना रु.१००००/ र प्रतिवादीहरु मिरा कुमारी महतो, निशा गुरुङ्ग, रन्जु अधिकारी भन्ने अन्जना बराल अधिकारी, खुश्बु कुमारी, रंजुदेवी कलवार, किरण यादव भन्ने अघूलिया कुमारी देवी र सुनिता भन्ने गुडिया मुखियालाई ठहरेको जरिवानाको हकमा जनही रु.५००/- असुल उपर गर्नु ------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ मंसिर महिना १० गते सोमवार रोज २/ ने.सं. ११४५ कछलागा दशमी, शुभम् .......